नर्वेजियन र सामाजिक अध्ययन  मा अध्यन गर्नका लागि तपाईका कर्तब्य बारे जानकारी !!!

नर्वेजियन र सामाजिक अध्ययनमा अध्यन गर्न तपाईंको कर्तव्य हुन सक्छ। प्रशिक्षणको लागि आवेदन दिन, वा यदि तपाइँ छूट( अध्यन नगरे पनि हुने ) को लागि आवेदन दिन चाहनुहुन्छ भने तपाईं बस्ने नगरपालिकाको  वयस्क शिक्षामा (भाषा सिक्ने बिद्यालय ) सकेसम्म चाँडो सम्पर्क गर्नुहोस् । कर्तब्य प्रशिक्षणको अर्थ तपाईंले नर्वेजियनमा न्यूनतम स्तर हासिल गर्नुपर्छ नर्वेजियन भाषामा २२५  घण्टाको प्रशिक्षण र सामाजिक अध्ययनमा ७५  घण्टा प्रशिक्षण पूरा गर्नुपर्छ।
प्रशिक्षणको लागि तपाई आफैले पैसा तिर्नु पर्छ।  स्थायी बसोबास अनुमति लिन वा नागरिता अथवा पासपोर्ट लिन को लागि यो प्रशिक्षण  पूरा गर्नु  तपाईंको कर्तव्य हुन सक्छ।

यदि तपाइँ नर्वेजियन वा सामी र सामाजिक अध्ययनमा पर्याप्त ज्ञान भएको कागजात पेस  गर्न सक्नुहुन्छ भने तपाइँ प्रशिक्षणको  दायित्वबाट छुटकाराको लागि आवेदन दिन सक्नुहुन्छ।
यदि तपाइँ विशेष स्वास्थ्य वा अन्य बाध्यकारी कारणहरूको कागजात पेस गर्न सक्नुहुन्छ भने पनि छुटकाराको लागि आवेदन दिन सक्नुहुन्छ ।

व्यावहारिक जानकारी

यदि तपाइँसँग प्रश्नहरू छन्  अथवा म्याद वा तपाईका अधिकारहरूको बारेमा जानकारी चाहनुहुन्छ भने वयस्क शिक्षामा (बिद्यालय ) सम्पर्क गर्नुहोस्। तपाईं www.imdi.no  र www.udi.no मा पनि जानकारी पाउन सक्नुहुन्छ ।